# स्थानीय राजपत्र

## प्रतापपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) भागः १ प्रतापपुर, पौष महिना २७ गते २०७९ साल (संख्याः १

प्रमाणिकरण मिति २०७९/०९/२७

# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

# २०७९ सालको कार्यविधि नं. ५
# नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०९।२७

प्रस्तावनाः

गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, गाउँपालिकाको विविध निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण, रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण र राजस्व सम्बन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) देहाय खण्ड (क) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले प्रतापपुर गाउँ कार्यपालिकाले यो "नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९" तर्जुमा गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्य विधिको नाम "नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु गरी आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो कार्यविधि कार्यस्थापन गर्ने क्रममा कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले प्रतापपुर गाउँ कार्यपालिका भन्ने बुझनु पर्दछ।

(च) "नगर प्रहरी" भन्नाले यस कार्यविधि बमोजिम प्रतापपुर गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारी सम्झनु पर्दछ ।

(छ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

(ज) "नगर प्रहरी प्रमुख" भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी अधिकृत भन्ने बुझ्नु पर्दछ ।

(झ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(न) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रतापपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत

सम्झनु पर्दछ ।

(ट) "सभा" भन्नाले गाउपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ठ) "समिति" भन्नाले प्रतापपुर गाउँपालिकाको पद पूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ड) "स्थायी पद" भन्नाले म्याद नतोकिएको गाउँपालिकाको सभाद्वारा स्वीकृत स्थायी पद सम्झनु पर्दछ ।

(ढ) सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरबन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने संझौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

३. कार्य विधिको व्याख्या गाउँकार्यपालिकाले गर्ने

(१) यो कार्यविधिको व्याख्या गाउँ कार्यापालिकाले गर्नेछ ।

(२) कुनै अधिकारीले यो कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सकेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर निवेदन परेको मितिले ३० दिन भित्रमा गाउँ कार्यपालिकाले निर्णय गरि सक्नु पर्नेछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण :

४. नगर प्रहरी सेवाको गठनः

गाउँपलिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तरगत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्वन्धी व्यवस्था यो कार्यविधि अनुसार हुनेछ ।

५. गाउँपालिकामा रहने नगर प्रहरीको पदः

(१) गाउँपालिकामा रहने नगर प्रहरीको पद देहाय अनुसार हुनेछ ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी नायव निरीक्षक

(ग) नगर प्रहरी सहायक निरीक्षक

(घ) नगर प्रहरी हवल्दार

(ङ) नगर प्रहरी जवान

(२) उप-दफा (१) अनुसारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तरगत रहने नगर प्रहरी कर्मचारीको दरवन्दी संख्या गाउँ सभाले स्वीकृत गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम स्वीकृत दरवन्दीमा यो कार्यविधि बमोजिम नयाँ भर्ना र बढुवा प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

(४) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

(५) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिए अनुसार हुनेछ ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः

(१) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुऱ्याई राखिएका निर्माण सामाग्रीहरु त्यस्ता पसल /व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ख) गाउपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, भत्काउने आदेश भएमा भत्काउने।

(घ) गाउँपालिका क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाणपत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने "अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश दिएमा भत्काउने।

(ङ) छाडा पशु,चौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशु चौपाया गाउँपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सडेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने। तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने र पटक पटक यस्तो कार्य दोहरिएमा जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा क़ानूनले निषेध गरेका पशु पंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने र कारवाहीका लागि राय साथ पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्वन्धी कार्य गर्ने र मरेका जीवजन्तु समयमै उचित स्थानमा गाडन लगाउने ।

(झ)सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुखहरु काटन लगाउने। जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी भत्काउन आदेश भए भत्काउने ।

(न) वडा समिति, टोल सुधार समिति वा टोल विकास संस्था, अन्य सामाजिक संघ

संस्था र सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने, गराउने ।

(ट) गाउँ कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा आयोजनाहरुबाट लागु हुने नीति नियम, निर्णय, मापदण्ड र गाउँपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) गाउँपालिकामा सु-व्यवस्था कायम गर्ने, गाउँपालिकाको चल अचल सम्पत्ती, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने र तिनको लगत संकलनमा सहयोग गर्ने ।

(ढ) गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले विषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने र अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य बिज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) गाउँपालिकाले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन,तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नाप तौलका सामाग्रीको चेक जाँच गर्ने, पसल /व्यवसायमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप संचालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास/जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने र अनुमतिविना जादु/सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) गाउँपालिकाका क्षेत्रभित्र संचालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा संचालनमा रोक लगाउने ।

(ब) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(भ) गाउँपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय संचालन गर्ने फर्म, कम्पनी संचालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुय्याउने ।

(य) विपद, माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) गाउँपालिका मातहत विभाग/महाशाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(ल) माथि खण्ड (र) बमोजिम विभाग/महाशाखा, आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने ।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना वुझाउने ।

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(ष) गाउँपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्य संस्थालाई सुरक्षा प्रदान गर्ने र गाउँपालिकाका सबै कर्मचारी र जनप्रतिनिधिहरुलाई सुरक्षा प्रदान गर्ने र तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(स) अवैध रुपमा उत्खन्न गरेका नदीजन्य सामाग्री नियन्त्रण गर्ने र जरिवाना गर्ने ।

(ह) राजस्व असुली गर्ने र राजस्व नतिर्ने सबैको लगत तयार गर्ने।

(क्ष) गाउँपालिकाले लगाएको सम्पूर्ण करहरु बाकी बक्यौता असुल गर्ने ।

(२) नगर प्रहरी कर्मचारीको कार्य विवरण तैयार गर्दा उप दफा (१) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

## परिच्छेद-४

## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७. पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्थाः**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्वन्धी व्यवस्था गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरवन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्य बोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**८. नगर प्रहरीको पदहरुः**

नगर प्रहरीको देहायका पदहरु खुला प्रतियोगिता द्वारा पूर्ति गरी नियुक्ति हुने र अरु पदहरुमा बढुवाद्वारा पद पूर्ति हुनेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक

(ख) नगर प्रहरी जवान

**९. नियुक्ति गर्ने अधिकारीः**

समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछन् ।

१०. पदपूर्ती गर्ने तरिकाः

(१) नगर प्रहरी कर्मचारीको पदपूर्ती देहाय बमोजिम गरिनेछ ।

| सि.न. | पद | खुल्ला प्रतियोगिता | कार्य क्षमताको बढुवा द्वारा पूर्ति हुने | जम्मा |
|---|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | - | १००% | १००% |
| २ | नगर प्रहरी नायव निरीक्षक | - | १००% | १००% |
| ३ | नगर प्रहरी सहायक निरीक्षक | - | १००% | १००% |
| ४ | नगर प्रहरी हवल्दार | ३०% | ७०% | १००% |
| ५ | नगर प्रहरी जवान | १००% | १००% | १००% |

(२) उप दफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी वनाउन प्रचलित संघीय कानून बमोजिम प्रहरी कर्मचारी नियुक्ति गर्दा अपनाइने सिद्धान्तलाई अङ्गिकार गरी पदपूर्ति गरिनेछ ।

(३) खुल्ला प्रतियोगिता द्वारा पूर्ति हुने पदमा खुल्लामा लिइने कुल अंकभारलाई शारिरीक व्यायाम परिक्षालाई ५०% र लिखित परिक्षालाई ५०% मा विभाजन गरी प्रतियोगिता गराइनेछ ।

(४) लिखित परीक्षा र शारिरीक व्यायाम परिक्षाको उत्तिर्णांक ४० अंक हुनेछ र गाँउपालिकाको खुल्ला प्रतियोगिता र कार्य क्षमताको बढुवा द्वारा पूर्ति गरिने पदको विज्ञापनमा ४० अंक प्राप्त गर्न नसकि कुनै पनि उम्मेदवार उत्तिर्ण हुन नसकेमा पदपुर्ति समितिले दोस्रो पटक ७ दिनको सुचना प्रकाशन गरी पदपुर्तिका लागि विज्ञापन गर्न सक्नेछ ।

**११. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः**

(१) नगर प्रहरी नायव निरीक्षक र नगर सहायक निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हनेछ ।

(क) दरखास्त आह्वान भएको सालको बैशाख १ गते २१ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको। तर खुला प्रतियोगितामा भाग लिने बहालवाला स्थायी नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(२) नगर प्रहरी जवानमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ ।

(क) दरखास्त दिने सालको बैशाख १ गते १८ वर्ष उमेर पूरा भएको२५वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) उप दफा (१) को खण्ड (ग) देखि (ज) सम्मका सबै शर्त पूरा गरेको ।

१२. पदपुर्ति समिति :

(१) गाउँपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीको पदपूर्ति समिति हुनेछ ।नगर प्रहरीको पदपूर्तिको लागि छनौट प्रक्रियामा जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि वा गाउँपालिका भित्र रहेको इलाका प्रहरी वा प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गरिनेछ ।

(२) शारिरीक व्यायाम परीक्षा गाउँपालिका भित्र रहेको इलाका प्रहरी कार्यालयले दफा १० को उपदफा (२) र (३) बमोजिम मूल्याङ्कन गरी गाउँपालिकामा पठाउनेछ र सो वापत प्राप्त गरेको कुल अंक मात्र गाउँपालिलकाको पदपूर्ति समितिलाई गोप्य शिलबन्दी गरी पठाउनुपर्ने छ ।

१३. पदपूर्ति समितिको काम कर्तव्य र अधिकार :

(१) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) यस कार्यविधि बमोजिम प्रतिशत निर्धारण गर्ने ।

(ख) खुला प्रतियोगिता द्वारा पूर्ति हुने पदको पाठयक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्य तालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतीजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

(२) पदपूर्ति समितिले पदपूर्तिका सम्बन्धमा अन्य आवश्यक कामहरुआफै निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।

१४. योग्यताक्रम सूची र नियुक्ति सम्वन्धी व्यवस्था :

(१) पदपूर्ति समितिले उम्मेदवारहरुले लिखित परीक्षा र शारिरीक व्यायाम परीक्षामा ४०/४० उत्तिर्णांक अंक प्राप्त गरी सो भन्दा बढी अंकको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि सिफारिश पेश गर्नेछ । यसरी सिफारिश गर्दा कूल रिक्त पदको बढीमा २०

प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत राखिने छ। तर ५ जना सिफारिस गरी कम्तिमा २ जना सम्मको वैकल्पिक सूची समेत राख्नु पर्नेछ ।

(२) यसरी समितिबाट पदपूर्तिका लागि सिफारिस भै आएपछि गाउँकार्यपालिकाले ३० दिन भित्र नियुक्ति दिने निर्णय गरि सक्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम गाउँ कार्यपालिकाबाट निर्णय भएको मितिले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछन् ।

(४) वैकल्पिक उम्मेदवारले १वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतःखारेज हुनेछ ।

(५) नगर प्रहरीमा नयाँ नियुक्त नगर प्रहरीलाई गाउँपालिकाको इलाका प्रहरी कार्यालयबाट कम्तिमा ३० दिनको सेवा प्रवेश तालिम उपलब्ध गराइनेछ। सो तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेपछि मात्र जिम्मेवारी दिइनेछ । नगर प्रहरीलाई समय समयमा सेवाकालीन तालिम समेत प्रदान गरिनेछ ।

**१५. परीक्षणकालमा राखिने :**

(१) खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपमा नया नियुक्ति गरिएका प्रहरी कर्मचारीलाई १ वर्षको परीक्षणकालमा राखिनेछ तर महिला नगर प्रहरी कर्मचारीको हकमा परीक्षणकालको अवधि ६ महिनाको हुनेछ ।

(२) उप दफा (१) बमोजिम परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ ।

**१६. सेवा करार सम्बन्धी व्यवस्थाः**

(१) समितिले खुला प्रतियोगिताद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएका उम्मेदवारहरुलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्ति गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्ति संग बढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकिय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछन् ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दाबी गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत तत पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्वन्धी कारवाही अगाडी वढाउनु पर्नेछ ।

**१७. आपुर्तिकर्ता संगबाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिने:**

गाउँपालिकाले सुरक्षा जनशक्ति आपूर्ति व्यवसाय संचालन गर्ने कुनै फर्म, कम्पनी संचालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि सेवा करार सम्झौता द्वारा आपूर्तिको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-५
## सरुवा तथा बढुवा

**१८. सरुवा सम्वन्धी व्यवस्था :**

आवश्यकतानुसार गाउँपालिकाका विभिन्न वडा एवं कार्य क्षेत्रमा नगर प्रहरी प्रमुखको सिफारिसमा अधिकृत स्तरका नगर प्रहरीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन् । अन्य नगर प्रहरीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछन् ।

**१९.बढुवा गर्ने अधिकारी :**

गाउँपालिकाको पदपूर्ति समितिको सिफारिसमा गाउँकार्यपालिकाले बढुवा सम्बन्धी निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले बढुवा नियुक्ति पत्र दिनेछन्।

**२०. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने अवधि :**

(१) अधिकृत स्तरका प्रहरी कर्मचारगीको हकमा एक तह मुनिको पदमा कम्तीमा ३ वर्ष स्थायी सेवा अवधि पूरा भएको र अन्य पदमा बढुवा हुने पदमा एक तह मुनिको पदमा कम्तीमा २ वर्षको स्थायी सेवा अवधि पुगेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्ने छैन।

(क) निलम्बलन भएकोमा निलम्बन भएको अवधि भर ।

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधि भर ।

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको मितिले १ वर्षसम्म ।

(घ) हालको पदमा ३ पटक सम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले १ वर्ष सम्म ।

(ङ) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले १ वर्ष सम्म ।

**२१. कार्यक्षमता मूल्याङ्गको आधारमा बढुवा हुने :**

(१) नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस कार्यविधि बमोजिम कार्यक्षमताको आधारमा मूल्याङ्कन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ तर समान अंक प्राप्त गर्ने उम्मेदवारको हकमा देहाय बमोजिम बढ्वा निर्णय गरिनेछ ।

(क) बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा सेवा प्रवेश गर्दा कायम भएको योग्यता क्रमको आधारमा ।

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यस भन्दा एक तह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा ।

(ग) खण्ड (ख) बमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाटकायम गरिएको योग्यताक्रमको आधारमा ।

२) नगर प्रहरीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछ

(क) जेष्ठता -३०

(ख) कार्य सम्पादन मूल्याङ्कन -५०

(ग) शैक्षिक योग्यता -१५

(घ) तालिम -५

३) उपदफा (२) बमोजिमका कार्य क्षमता मूल्याङ्कन सम्बन्धी आधारहरुलाई देहाय बमोजिमको अंक प्रदान गरिनेछ ।

(क) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले बढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा १ वर्ष भन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीले अंक दिइनेछ ।

(ख) कार्य सम्पादन वापत बढुवाका लागि आवश्यक पर्ने पछिल्लो सेवा अवधिको तोकिएका पदाधिकारीहरुबाट कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ । कार्य सम्पादन मूल्याङ्कन गर्ने सुपरिवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समिति सम्बन्धी व्यवस्था र अंक विभाजन तोकिए बमोजिम हुनेछ ।

(ग) शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा हालको पदमा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता समेतको बढीमा १५ अंक दिइनेछ ।

| सि.नं. | शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| १ | हाल बहाल रहेको पदमा नयाँ नियुक्ति हुँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताका लागि | १० | ८ | ६ |
| २ | आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा, तर श्रेणी नखुलेको प्रमाण पत्रको हकमा स्तर निर्धारण भएकोमा सोही अनुसार र सो नभएमा द्वितीय श्रेणीको अंक दिइनेछ । | ५ | ४ | ३ |

(घ) हालको पदमा लिएको सेवाकालीन तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमश पाँच, चार र तीन अंक दिइनेछ ।

## परिच्छेद-६

## गाउँपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

२२. प्रशासनको नियन्त्रणमा रहने :

(१) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन वाहेक समस्त नगर प्रहरी कर्मचारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन् ।

## परिच्छेद-७

## विदा सम्बन्धी व्यवस्था

**२३. विदा अधिकारको कुरा होइनः**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत,अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको नगर प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**२४. नगर प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्थाः**

(१) स्थायी रुपमा कार्यरत नगर प्रहरी कर्मचारीले पनि गाउँपालिकाका आफ्ना स्थायी कर्मचारीले गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी कानून बमोजिम प्राप्त गर्ने विदाहरु सोही कानूनको अधिनमा रही प्राप्त गर्न सक्नेछन्। तर सेवा करारमा छुट्टै सम्झौता द्वारा नियुक्ति भएका नगर प्रहरी कर्मचारीलाई सार्वजनिक विदा वाहेक उपरोक्त विदा सुविधा उपलव्ध हुने छैन ।

(२) स्थायी नगर प्रहरी कर्मचारीलाई अध्ययन विदा, असाधारण विदा र अन्तर्राष्ट्रिय संघ संस्थामा सेवा गर्न दिन सकिने विदाहरु गाउँ कार्यपालिकाले मात्र स्वीकृत गर्न सक्नेछ । अन्य विदाहरुको हकमा भैपरी आउने र पर्व विदा नगर प्रहरी प्रमुखले र बाँकी अन्य विदाहरु कर्मचारी प्रशासन शाखाका प्रमुखले स्वीकृत गर्नेछन ।

(३) विदा लिने विधि, विदाका प्रकार, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानूत बमोजिम हुनेछ ।

**२५ विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः**

विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गएल र तलब कट्टी गरी विभागीय सजाय समेत गरिनेछ। यसरी गएल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**२६. विदा अभिलेख राख्ने :**

विदा दिने अधिकारीले छुट्टै किताब खडा गरी बिदाको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।

**२७. झूटो कारण देखाई विदा बसेमा कारवाही हुनेः**

झुटो कारण देखाई विदा बसेको पाईएमा त्यस्तो प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

## परिच्छेद-८

## आचरण

**२८. नगर प्रहरीको आचरणः**

नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नुपर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृती विना कोही कसैसंगबाट दान, वक्स, पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको २ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाको स्वीकृती वेगर कुनै व्यापार व्यवसाय गर्न पाइने छैन।

(च) गाउँपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु गाउँपालिकाको आख्तियारी विना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(ज) गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनीतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्ने छैन ।

(ञ) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) ) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन। प्रचलित कानूत बिपरित हुने गरी बिबाह गर्नु गराउनु हुदैन ।

(ण) गाउँपालिकाका कर्मचारीहरुको लागि पाएको व्यवस्था अनुसारको आचरण समेत पालना गर्नुपर्ने छ ।

## परिच्छेद-९
## सजाय र पुनरावेदन

**२९. सजायः**

(१) उचित र प्रयाप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिम सजाय गर्न सकिनेछ :

(क) सामान्य सजायः

(१) नसिहत दिने ।

(२) तलब वृद्धि वा पदोन्तति रोक्का गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ।

(२) भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

**३०. गाउँपालिकाको विद्यमान कानून बमोजिम हुनेः**

दफा २९ बमोजिम सामान्य सजाय र विशेष सजाय गर्ने अवस्था, सजायगर्दा अपनाउनु पर्ने प्रक्रिया, सजाय गर्ने अधिकारी र सो सजाय उपरको पुनरावेदन एवं निलम्बन सम्बन्धी व्यवस्था गाउँपालिकाले आफ्नो कर्मचारहरुको लागि कार्यान्वयनमा ल्याएको कर्मचारी प्रशासन सम्बन्धी कानूनमा गरिएको व्यवस्था नै नगर प्रहरी कर्मचारीको हकमा समेत लागु हुनेछ। तर सेवा करारमा लिएका नगर प्रहरी कर्मचारीको हकमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाय गरी सेवाबाट हटाउन सकिने छ ।

## परिच्छेद-१०

## अवकाश, उपदान तथा अन्य सुविधाहरु र तलब भत्ता सम्बन्धी व्यवस्था

**३१. अनिवार्य अवकाशः**

(१) स्थायी नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय बमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी निरीक्षक -५५ वर्ष

(ख) नगर प्रहरी नायब निरीक्षक -५३ वर्ष

(ग) नगर प्रहरी सहायक निरीक्षक - ५२ वर्ष

(घ) नगर प्रहरी हवल्दार तथा जवान - ५० वर्ष

(२) उमेरको गणना तथा अवकाश सम्बन्धी अन्य प्रक्रियाको हकमा गाउँपालिकाको कर्मचारी प्रशासन सम्वन्धी कानूनमा गरिएको व्यवस्था लागु हुनेछ ।

**३२. कर्मचारी प्रशासन कानून बमोजिम हुने :**

स्थायी नगर प्रहरी कर्मचारीले पाउने उपदान, पारिवारिक वृत्ति वा उपदान,अशक्त वृत्ति, असाधारण परिवारिक वृत्ति र उपदान, उपचार खर्च जस्ता सुविधाको हकमा समेत गाउँपालिकाको आफ्नै स्थायी कर्मचारीको लागि व्यवस्था गरिएको कर्मचारी प्रशासन सम्बन्धी कानूनमा गरिएको व्यवस्था लागु हुनेछ ।

**३३. तलब भत्ता सम्बन्धी व्यवस्था :**

स्थायी नगर प्रहरी कर्मचारीहरुको तलब भत्ता, तलब वृद्धि जस्ता विषयहरु गाउँपालिकाका आफ्ना कर्मचारीलाई कर्मचारी प्रशासन सम्बन्धी कानून बमोजिम उपलव्ध हुने तलब, भत्ता, सुविधा समेतको व्यवस्था आकर्षित हुनेछ ।

**३४. सेवा करारमा नियुक्त हुने नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था :**

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

गाउँपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधाहरुका सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्तो सेवा करार सम्झौतामा उल्लेख गरिएको सुविधा उपलब्ध गराइनेछ। सो बाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

३५. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था :

(१)गाउँ कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई पोशाक उपलब्ध गराउनेछ । यसरी पोशाक सुविधा दिदा के कति समयको अन्तरालमा के कति रकम सम्मको पोशाक प्रदान गर्ने हो, सो समेतको निर्णय हुन पर्नेछ ।

(२)पोशाकको रंग, किसिम, ड्रेस कोड र अन्य विषयमा गाउपालिकाको अध्यक्ष सँग राय लिई प्रमुख प्रशासकीय अधिकृतले तोक्नेछन् ।

(३)नगर प्रहरी कर्मचारीलाई यो दफा बमोजिम पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला र तोकिए बमोजिमको पोशाक खरीद रकम समेत एकमुष्ट उपलव्ध गरइनेछ ।

(४)अधिकृत स्तरको नगर प्रहरी कर्मचारीको लागि गाउँ कार्यपालिकाले सेरोमोनियल पोशाक समेतको व्यवस्था गर्न सकोछ ।

(५)सेवा करारमा नियुक्ति पाएका नगर प्रहरी कर्मचारीलाई समेत गाउँकार्यपालिकाको निर्णय बमोजिमको पोशाक वा पोशाक खर्च उपलब्ध हुनेछ ।

(६)यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद-११

## बिविध

३६. तालीम सम्बन्धी व्यवस्था :

(१) नगर प्रहरीलाई आधारभूत तालीमको अतिरिक्त सेवाकालिन तालीम उपलव्ध गराइनेछ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समूहद्वारा पाठयक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ ।

(३)प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालीम अनिवार्य रुपमा लिनु पर्नेछ , अन्यथा निजलाई विभागीय कारवाही गरी सेवाबाट हटाउन सकिनेछ ।

(४) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. चाड पर्व खर्च पाउने :**

**नगर प्रहरी कर्मचारीले आफूले खाइ पाइ आएको एक महिना बराबरको तलब वर्षको एक पटक चाड पर्व खर्चको रुपमा प्राप्त गर्नेछन्। तर सेवा करारमा कार्यरत नगर प्रहरी कर्मचारीको हकमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।**

**३८. कार्य विधिमा हेरफेर वा संशोधन गर्न सक्ने :**

**गाउँ कार्यपालिकाले यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा आवश्यकत्तानुसार थपघट, हेरफेर वा परिमार्जन गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नेछ ।**

आज्ञाले,
चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९।०९।२७